# रम्भा गाउँपालिका,पाल्पा

# स्थानीय राजपत्र

खण्ड :०९ संख्या:०९ मिति:२०८२/०६/२८

# भाग-२

# रम्भा गाउँपालिका

अनुसुचि-२

(दफा ४ को अनुसुचि -१ को भाग २ संग सम्बन्धित)

# रम्भा गाउँपालिका

# स्थानिय राजपत्र

मिति २०८२/०६/२८

रम्भा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पिपलडांडा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

## रैथाने बाली प्रबर्द्धन कार्यक्रम संचालन कार्यविधि,२०८२

रैथाने बाली प्रबर्द्धन कार्यक्रमबाट यस रम्भा गाउँपालिका अन्तर्गत खेती गरिदै आएका रैथाने तथा स्थानिय महत्वका बालीहरुको संरक्षण तथा उत्पादनमा कृषकहरुलाई प्रोत्साहित गर्दै सम्भावित भोकमरी कुपोषण निर्मुल गरि पोषण,खाद्य सुरक्षा,खाद्य सम्प्रभुतालाई प्रवर्द्धन तथा रैथाने तथा स्थानिय स्तरमा महत्वका बालीहरुको उत्पादन र उत्पाकत्वमा वृद्धि गरी कृषकहरुको आर्थिक स्थितिमा सुधार ल्याउन तथा स्थानीय स्तरमा रहेका खाद्य तथा पोषण सुरक्षामा महत्वपुर्ण योगदान पुर्याउने कृषि बाली वस्तुको उत्पादन तथा क्षेत्र विस्तार गर्न अति आवश्यक देखिन्छ। त्यस्ता महत्व बोकेका कृषि बाली वस्तुको उत्पादन एवम उत्पादकत्व वृद्धि गरी पालिकामा खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्न रैथाने बाली प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी र पारदर्शि बनाउन रम्भा गाउँपालिकावाट यो मापदण्ड  लागु गरिएको छ।

### परिच्छेद१: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो मापदण्डको नाम **रैथाने बाली प्रबर्द्धन कार्यक्रम संचालन कार्यविधि,२०८२** रहेको छ।

(२) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यक्रम" भन्नाले  **रैथाने बाली प्रबर्द्धन** सम्झनुपर्दछ।

(ख) "अध्यक्ष" भन्नाले रम्भा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ग) "उपाध्यक्ष" भन्नाले रम्भा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले रम्भा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रम्भा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ।

(च) "कृषक " भन्नाले कृषि पेशामा संलग्न भई किसान सुचिकरणमा सुचिकृत भएका किसानलाई सम्झनु पर्छ।

(छ) "अनुगमन तथा मूल्यांकन समिति " भन्नाले मापदण्डमामा उल्लखीत  दफा ७ वमोजिम गठित समिति भनेर सम्झनुपर्ने छ ।

## परिच्छेद २:

**३.कार्यक्रम कार्यान्वयन गरिने क्षेत्र:**

रैथाने बाली प्रबर्द्धन कार्यक्रम रम्भा गाउँपालिकाको ५ वटै वडामा कार्यान्वयन गरिने छ।

**४. कृषक छनौट प्रक्रियाः**

१. रैथाने बाली प्रबर्द्धन कार्य्रकममा सहभागी हुन चाहने कृषकहरू देहाय वमोजिमका आधारमा छनौट गरिनेछः

क. रम्भा गाँउपालिकाको स्थायी वसोवास ।

ख. रम्भा गाउँपालिकाको किसान सुचिकरणमा सुचिकृत भएको हुनपर्ने ।

ग. तोकिएको रैथाने बालीको जात लगाएको हुनपर्ने ।

२. दफा ४ उपदफा १ मा उल्लेखीत आधारहरूको रूजुगर्न रैथाने बाली प्रबर्द्धन कार्यक्रममा आवेदन पेश भएका लाभग्राहीहरूको सम्वन्धीत वडामा रहेका कृषि प्राविधिकहरूवाट कार्यविधिमा तोकिएको मापदण्ड पुगे नपुगेको सम्वन्धमा सम्वन्धीत लाभग्राहीको घरमा पुगी प्राविधिक प्रतिवेदन सिफारीस वनाउनुपर्नेछ ।

**५. अनुदान**

१. रैथाने बाली प्रबर्द्धन कार्य्रकममा छनौट भएका कृषकहरूलाइ देहायको अनुदान उपलव्ध गराइनेछः

क. अनदि धान प्रति रोपनी रू ३०००।

ख. झिनुवा धान प्रति रोपनी रु ३०००।

ग. बरमेली धान प्रति रोपनी रु २०००।

घ. छोटे धान प्रति रोपनी रु ३०००।

ङ. कोदो प्रति रोपनी रु २०००।

च. गहत प्रति रोपनी रु ३०००।

छ. फापर प्रति रोपनी रु २०००।

ज. भटमास प्रति रोपनी रु २०००।

## परिच्छेद ३

**६. पेश गर्नुपर्ने कागजातहरू**

१. रैथाने बाली प्रबर्द्धन कार्य्रकममा सहभागी हुन चाहने कृषकहरूले देहाय वमोजिमका कागजातहरू पेश गर्नु पर्नेछः

क. लाभग्राहीको निवेदन

ख. लाभग्राहीको नागरीकताको प्रतिलिपी,लालपुर्जा

ग. सम्वन्धीत वडापालिकाको सिफारीस

घ. लाभग्राहीको कम्तिमा ३ वर्ष सम्म रैथाने बाली निरन्तर लगाउने सहितको प्रतिवद्दता

ङ. सम्वन्धीत लाभग्राहीको वैक खाता नं र सम्पर्क नं

**७. अनुगमन तथा मूल्यांकन समिति सम्बन्धि व्यवस्था**

१. रैथाने बाली प्रबर्द्धन कार्य्रकममा लाभग्राही छनौट गर्नकोलागी देहाय वमोजिमको समिति रहने छ।

| | |
|---|---|
| क. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख. आर्थिक विकास समिति संयोजक | सदस्य |
| ग. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ. अमिन | सदस्य |
| ङ. कृषि प्राविधिक | सदस्य |
| च. कृषि शाखा प्रमुख | सदस्य सचिव |

उपदफा वमोजिम गठित समितिले प्राप्त लाभग्राहीहरूको प्रक्रिया रूजु गरी अनुमोदनको लागी गाउँकार्यापालिका वैठकमा सिफारिस गर्नुपर्ने छ।

## परिच्छेद ४:

### ८. भुक्तानी प्रक्रिया

कार्यक्रम संचालनका लागि छनौट भई कार्यक्रम संचालन गरेका लाभग्राहीले सम्बन्धित वडाको सिफारिस र वडाको अनुगमन प्रतिवेदन सहित कार्यक्रमको लागि आवश्यक पर्ने सम्पुर्ण कागजातहरू र लाभग्राहीको फोटोहरु पेश गरी भुक्तानीको लागि आएका कार्यक्रमको कार्यविधि वमोजिम  नियमानुसार करकट्टी गरी बाकी हुन आउने रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

### ९. विविध

रैथाने बाली प्रबर्द्धन कार्यक्रम संचालन कार्यविधि २०८२,गाउँकार्यपालिकाबाट पारित हुन भन्दा अगाडि खोलिएको सूचना अनुसारको "रैथाने बाली प्रबर्द्धन कार्यक्रम" यहि कार्यविधि बमोजिमको मापदण्ड अनुसार संचालन गरिनेछ ।

### १०. बाधा अड्काउ फुकाउने

क. यो मापदण्ड कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार रम्भा गाउँ कार्यपालिकाको हुनेछ।

ख. यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

# रम्भा गाउँपालिका,पाल्पा

# स्थानीय राजपत्र

खण्ड :०९ संख्या:००९ मिति:२०८२/०६/२८

# **भाग-२**

# **रम्भा गाउँपालिका**

कार्यपालिकाबाट जारि नियमावली,निर्देशिका,कार्यविधि,मापदण्ड तथा नेपाल,प्रदेश सरकार वा अर्को स्थानीय तहसंग सम्झौताको व्यहोरा

आज्ञाले,
नाम
प्रमुख प्रशासकीय अधिकृत